# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, असोज १८ गते २०५३ साल ( अतिरिक्ताङ्क ३५

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री चक्रप्रसाद वास्तोला मालदिभ्स तथा श्रीलंकाको भ्रमणको सिलसिलामा २०५३ साल असोज १८ गते मालदिभ्सतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय संसदीय व्यवस्था मन्त्री श्री नरहरि आचार्यले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय परराष्ट्र मन्त्री डा. प्रकाशचन्द्र लोहनी संयुक्त राष्ट्र संघीय महासभाको ५१ औं अधिवेशन र UNHCR को कार्यकारी समितिको बैठकमा भाग लिन र गणतन्त्र कोरिया भ्रमणको सिलसिलामा २०५३ साल असोज १८ गते जेनेभातर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय वाणिज्य मन्त्री श्री फत्तेहसिंह थारुले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।